## मिति २०८०/०२/३१ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

नेपालगंज उप-महानगरपालिकाको अन्तर्गत २० नं. वडामा रहेको सानो नेपाल आलानगर पुल निर्माण उपभोक्ता समितिले निर्माण कार्य निर्धारित समय मिति २०८० जेठ मसान्त भित्र पुरा गर्न नसकिने र सो को म्याद थप गरिदिनुहुन भनी मिति २०८०/०२/२१ को पत्र प्राप्त भएको हुँदा सो निर्माण कार्यको म्याद मिति २०८० भाद्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत १६ नं. वडामा रहेको श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालयको प.सं. २०७९/८० च.नं. २७ मिति २०७९/१२/२९ को पत्रानुसार चालु आ.व. २०७९/८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन निर्माणका लागि बजेट विनियोजित भएको तर उक्त भवन निर्माणका लागि जग्गाको अपर्याप्तता रहेको हुँदा सो विनियोजित बजेटको बमोजिमको भवन निर्माण कार्य ने.रा.आ.वि. घरवारी टोलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०७९/१०/२६ गतेको निर्णयानुसार उप-महानगरपालिकाको आधिकारीक लोगो डिजाईनको लागि मिति २०७९/११/१५ गते प्रकाशित सूचना तथा नगरकार्यपालिकाको मिति २०८०/०१/१४ गतेको निर्णयानुसार गठित लोगो छनौट समिति र सो समितिको मिति २०८०/०२/३० गतेको निर्णयानुसार प्राप्त भएका लोगोहरुमा नेपालगंज उप-महानगरपालिका वडा नं. ०४ का स्थायी बासिन्दा श्री अरशद कमाल सिद्दीकी (डट वर्क टेक्नोलोजी) ले पेश गर्नुभएको गोलाकार आकृतिमा माथी निलो घेरा, तलबाट रातो रिवनले घेरिएको, दाँयावाँया धानको बालाले घेरिएको, माथी नेपालीमा "सद्भावको सहर नेपालगंज", तल अंग्रेजीमा NEPALGUNJ SUB-METROPOLITAN CITY लेखिएको, पृष्ठभुमीमा पहाडबाट उदाउँदै गरेको सूर्य, हरियो फाँटमाथी उड्दै गरेको शान्तिको प्रतिक परेवा, तल्लो भागमा विभिन्न धार्मिक समुदायहरुलाई प्रतिनिधीत्व गर्ने प्रतिक चिन्ह भएको लोगो स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner